# परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

नेपाल सरकार नेपाल कानून आयोग

**प्रस्तावना** : परराष्ट्र मामिलाका विषयवस्तुमा अध्ययन तथा अनुसन्धान गर्न र नेपाल परराष्ट्र सेवामा कार्यरत कर्मचारी तथा पदाधिकारी, परराष्ट्र मामिलासँग सरोकार रहेका सरकारी कर्मचारी तथा पदाधिकारी, सरकारी तथा स्वतन्त्र अध्येयता र अनुसन्धानकर्ताको कार्यक्षमता र व्यावसायिक दक्षता अभिवृद्धि गर्न परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानको स्थापना गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान ऐन, २०८१" रहेको छ।

(२) यो ऐन राजपत्रमा प्रकाशन भएको एकतीसौं दिनदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ।

(ख) "कार्यकारी निर्देशक" भन्नाले दफा १३ बमोजिम नियुक्त भएको वा खटिएको कार्यकारी निर्देशक सम्झनु पर्छ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) "परिषद्" भन्नाले दफा ६ बमोजिम गठन भएको परराष्ट्र मामिला प्रतिष्ठान परिषद् सम्झनु पर्छ।

(ङ) "प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको परराष्ट्र मामिला प्रशिक्षण प्रतिष्ठान सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले परराष्ट्र मामिला विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(छ) "सदस्य सचिव" भन्नाले परिषद्को सदस्य सचिव सम्झनु पर्छ।

(ज) "समिति" भन्नाले दफा ११ बमोजिम गठन भएको कार्यकारी समिति सम्झनु पर्छ।

## परिच्छेद-२

## प्रतिष्ठानको स्थापना सम्बन्धी व्यवस्था

३. **परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानको स्थापना** : (१) नेपाल परराष्ट्र सेवामा कार्यरत कर्मचारी तथा पदाधिकारी, परराष्ट्र मामिलासँग सरोकार रहेका सरकारी कर्मचारी तथा

नेपाल कानून आयोग

पदाधिकारी, सरकारी तथा स्वतन्त्र अध्येयता एवम् अनुसन्धानकर्ताको कार्य क्षमता र व्यवसायिक दक्षता अभिवृद्धि गर्न तथा परराष्ट्र मामिलाका समसमायिक विषयवस्तुमा अध्ययन तथा अनुसन्धान गर्ने काम समेतको लागि परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान स्थापना गरिएको छ।

(२) प्रतिष्ठानको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ।

(३) प्रतिष्ठानलाई अङ्ग्रेजी भाषामा "इन्स्टिच्युट अफ फरेन अफेयर्स स्टडिज" भनिनेछ।

४. <u>प्रतिष्ठानको काम, कर्तव्य र अधिकार</u>: प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) नेपाल परराष्ट्र सेवामा कार्यरत कर्मचारी तथा पदाधिकारीको कार्यक्षमता र व्यवसायिक दक्षता अभिवृद्धि गर्न तालिम, प्रशिक्षण, सम्मेलन, कार्यशाला गोष्ठी, सेमिनार तथा अन्तरक्रियाका अतिरिक्त विभिन्न तहमा सेवाप्रवेश र सेवाकालिन तालीम कार्यक्रम सञ्चालन गरी उक्त तालीम कार्यक्रमलाई वृत्तिविकाससँग आवद्ध गर्ने,

(ख) परराष्ट्र मामिलासँग सरोकार राख्ने नेपाल सरकारका विभिन्न निकायका कर्मचारी तथा पदाधिकारीलाई परराष्ट्र मामिलाका सम्बन्धमा सम्मेलन, प्रवचन, गोष्ठी र विचारविमर्श आदिको आयोजना गर्ने,

(ग) परराष्ट्र मामिलाका क्षेत्रमा विकसित नयाँ विषयवस्तु, प्रविधि र प्रयोगको सम्बन्धमा अध्ययन, अनुसन्धान गर्ने,

(घ) परराष्ट्र मामिला सम्बन्धमा अल्पकालीन तथा दीर्घकालीन नीति तर्जुमा गर्न नेपाल सरकारलाई परामर्श प्रदान गर्ने,

(ङ) कन्सुलर सम्बन्धी अभ्यासलाई सामयिक सुधार र परिमार्जन गर्न नेपाल सरकारलाई सुझाव दिने,

(च) नेपालको परराष्ट्र सम्बन्ध, कूटनीतिक अभ्यास, परराष्ट्र नीति, अन्तर्राष्ट्रिय सम्बन्धका क्षेत्रमा शोधपत्र, अनुसन्धात, कृति वा त्यस्तै अन्य लेख, रचना प्रकाशन गर्ने तथा त्यसको बिक्री वितरण गर्ने,

(छ) नेपालले विदेशी मुलुकमा आफ्नो राजदूतावास, महावाणिज्यदूतावास वा वाणिज्यदूतावास वा अन्य नियोग खोल्दा अपनाउनु पर्ने मापदण्डका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(ज) प्रतिष्ठानको बार्षिक नीति, योजना र कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने, गराउने,

(झ) नेपालको परराष्ट्र मामिला तथा कूटनीतिक सम्बन्ध सम्बन्धी अभिलेख तथा सूचनाहरु अद्यावधिक गरी राख्ने र त्यस्ता विषयको श्रोत केन्द्रको रुपमा कार्य गर्ने,

(ञ) अन्य मुलुकका परराष्ट्र मामिला प्रशिक्षणसम्बन्धी संस्थासँग सम्बन्ध राखी प्रशिक्षण कार्यक्रमलाई स्तरीय र प्रभावकारी बनाउन आवश्यक सहकार्य गर्ने,

(ट) परराष्ट्र मामिलाका क्षेत्रमा सञ्चालन गरिने क्षमता विकाससम्बन्धी कार्यक्रमको सम्बन्धमा नेपाल सरकार तथा अन्तर्राष्ट्रिय संघ संस्था बीच सम्पर्क निकायको रूपमा काम गर्ने,

(ठ) प्रतिष्ठानको कार्यक्रम सञ्चालन र विकासको लागि नेपाल सरकार, विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्था वा व्यक्तिबाट आवश्यक स्रोत साधन जुटाउने,

(ड) परराष्ट्र सेवाका जनशक्तिको क्षमता विकासको लागि अन्तर्राष्ट्रिय अध्ययन अनुसन्धान संस्था तथा प्रशिक्षण संस्थाहरूको अवलोकन भ्रमण तथा वैदेशिक तालीम, गोष्ठी, कार्यशाला आदि आवश्यक विविध कार्यक्रमको व्यवस्था मिलाउने,

(ढ) परराष्ट्र मामिलाका विषयमा अध्ययन अनुसन्धान तथा प्रशिक्षणसँग सम्बन्धित अन्तर्राष्ट्रिय सञ्जालमा आवद्ध हुने,

(ण) तोकिएबमोजिमको अन्य कार्य गर्ने वा गराउने।

## परिच्छेद-३

## परिषद् सम्बन्धी व्यवस्था

५. परिषद्को गठन : (१) प्रतिष्ठानको सर्वोच्च निकायको रूपमा नेपालको परराष्ट्र नीतिलाई सक्षम तथा प्रभावकारी बनाउने सम्बन्धमा नेपाल सरकारलाई सुझाव तथा परामर्श दिन एक परराष्ट्र प्रतिष्ठान परिषद् रहनेछ।

(२) परिषद्को गठन देहाय बमोजिम हुनेछः–

(क) परराष्ट्र मन्त्री वा राज्यमन्त्री - अध्यक्ष

(ख) सचिव, मन्त्रालय - सदस्य

(ग) सचिव, अर्थ मन्त्रालय - सदस्य

(घ) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय - सदस्य

(ङ) सरकारी तथा गैरसरकारी क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय कानूनविद्हरू मध्येबाट नेपाल सरकार, मन्त्रिपरिषद्ले मनोनयन गरेको एक जना - सदस्य

(च) पूर्व नेपाली राजदूतहरू मध्येबाट नेपाल



नेपाल कानून आयोग

सरकारबाट मनोनीत एकजना - सदस्य

(छ) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी सुरक्षा मामिला सम्बन्धमा कम्तीमा दश वर्ष अनुभव हासिल गरेका सुरक्षाविद्‌हरू मध्येबाट नेपाल सरकारबाट मनोनीत एक जना - सदस्य

(ज) अन्तर्राष्ट्रिय सम्बन्ध, परराष्ट्र मामिला विज्ञ वा विश्वविद्यालयका प्राध्यापकहरू मध्येबाट नेपाल सरकारबाट मनोनीत एक जना महिला सहित दुईजना - सदस्य

(झ) उद्योग तथा व्यापारिक क्षेत्रको प्रतिनिधित्व हुने गरी नेपाल सरकारबाट मनोनीत एकजना - सदस्य

(ञ) सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी अन्तर्राष्ट्रिय सम्बन्धको क्षेत्रमा काम गरेका आदिवासी/जनजाति, मधेशी, दलित तथा अल्पसङ्ख्यक समूदायका व्यक्तिहरू मध्येबाट नेपाल सरकारबाट मनोनीत दुईजना - सदस्य

(ट) कार्यकारी निर्देशक - सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (ङ), (च), (छ), (ज), (झ) र (ञ) बमोजिमका सदस्यको पदावधि चार वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा परिषद्‌ले समितिको अध्यक्ष वा सदस्यलाई पदावधि समाप्त हुनु अगावै पदबाट हटाउन सक्नेछ :-

(क) निजमा कार्यक्षमताको अभाव भएमा,

(ख) निज खराब आचरणमा लागेमा, वा

(ग) निजले इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्य पालन नगरेमा।

(५) उपदफा (४) बमोजिम पदबाट हटाउनु अघि त्यस्तो सदस्यलाई सफाई पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

६. <u>छनौट समितिको गठन</u> : (१) दफा ५ को उपदफा (२) को खण्ड (ङ), (च), (छ), (ज), (झ) र (ञ) बमोजिमका सदस्यको मनोनयनका लागि नेपाल सरकार समक्ष नाम सिफारिस गर्न नेपाल सरकारले मन्त्रालयको सचिवको संयोजकत्वमा परिषद्‌का सदस्यहरूमध्येबाट तीन सदस्यीय छनौट समिति गठन गर्नेछ।



नेपाल कानून आयोग

(२) उपदफा (१) बमोजिमको समितिले कार्य प्रारम्भ गरेको मितिले तीस दिनभित्र मनोनयन गरिने व्यक्तिको नाम नेपाल सरकार समक्ष सिफारिस गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिले समावेशी सिद्धान्तका आधारमा सम्भाव्य व्यक्तिहरूको नाम छनौट गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

७. <u>परिषद्को बैठक</u> : (१) परिषद्को बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ।

(२) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) परिषद्को बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य-सचिवले सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

(४) परिषद्को कूल सदस्य सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उमेरको आधारमा परिषद्को जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) परिषद्को बैठकमा आवश्यकता अनुसार बढीमा तीनजना सम्बन्धित विषयको विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

तर, त्यस्तो आमन्त्रित विज्ञले मत दिन पाउने छैन।

(८) परिषद्को बैठकको निर्णय अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गरी अभिलेखको रूपमा राख्नु पर्नेछ।

(९) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

८. <u>परिषद्को काम, कर्तव्य र अधिकार</u> : परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रतिष्ठानबाट सञ्चालन गरिने प्रशिक्षण तथा अनुसन्धान कार्यक्रम सम्बन्धी नीति निर्धारण गर्ने,

(ख) प्रतिष्ठानको लागि आवश्यक नियमको मस्यौदा तर्जुमा गरी स्वीकृतिका लागि नेपाल सरकार समक्ष पेस गर्ने,



नेपाल कानून आयोग

(ग) प्रतिष्ठानको दीर्घकालीन योजना स्वीकृत गर्ने,

(घ) प्रतिष्ठानको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ङ) प्रतिष्ठानको वार्षिक कार्यक्रमको प्रगति समीक्षा एवम् मूल्याङ्कन गर्ने,

(च) प्रतिष्ठानबाट सञ्चालन गरिने प्रशिक्षण कार्यक्रमको मापदण्ड स्वीकृत गर्ने,

(छ) समितिलाई आवश्यक निर्देशन दिने।

९. परिषद्को सदस्यको पद रिक्त हुने : देहायको कुनै अवस्था भएमा परिषद्को दफा ६ को उपदफा (३) बमोजिमका सदस्यको पद रिक्त हुनेछ :-

(क) निजले आफ्नो पदबाट लिखित राजीनामा दिएमा,

(ख) दफा ६ को उपदफा (३) बमोजिम पदावधि पूरा भएमा,

(ग) दफा ६ को उपदफा (५) बमोजिम पदबाट हटाइएमा,

(घ) निज नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी ठहर भएमा,

(ङ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र वा नागरिकता प्राप्त गरेमा, वा

(च) निजको मृत्यु भएमा।

परिच्छेद-४

कार्यकारी समिति सम्बन्धी व्यवस्था

१०. कार्यकारी समितिको गठन : (१) अध्ययन, अनुसन्धान तथा प्रशिक्षणलाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्न एक कार्यकारी समिति रहनेछ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछः–

| | | |
|---|---|---|
| (क) | कार्यकारी निर्देशक | - अध्यक्ष |
| (ख) | सहसचिव, मन्त्रालय | - सदस्य |
| (ग) | सहसचिव, नेपाल सरकार, अर्थ मन्त्रालय | - सदस्य |
| (घ) | सहसचिव, नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | - सदस्य |
| (ङ) | परिषद्ले तोकेको प्रतिष्ठानको वरिष्ठ कर्मचारी | - सदस्य-सचिव |

(३) समितिले आवश्यक देखेमा परराष्ट्रको क्षेत्रमा काम गर्ने कुनै विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिनको लागि आमन्त्रण गर्न सक्नेछ।

११. समितिको बैठक : (१) समितिको बैठक आवश्यकता अनुसार समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।



नेपाल सरकार

(२) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना समितिको सदस्य-सचिवले सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

(३) समितिको कूल सदस्य सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(५) समितिको बैठकमा आवश्यकता अनुसार विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

तर, त्यस्तो आमन्त्रित विज्ञले मत दिन पाउने छैन।

(६) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सचिवले प्रमाणित गरी अभिलेखको रूपमा राख्नु पर्नेछ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

१२. <u>समितिको काम, कर्तव्य र अधिकार</u> : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) परिषद्का निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(ख) प्रतिष्ठानको दीर्घकालीन योजना, वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी स्वीकृतिको लागि परिषद् समक्ष पेस गर्ने,

(ग) प्रतिष्ठानको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने वा गराउने,

(घ) नीति तर्जुमा, प्रशिक्षण र अनुसन्धान सम्बन्धी विषयमा नीतिगत निर्णय गर्न परिषद्लाई सहयोग गर्ने,

(ङ) प्रशिक्षण तथा क्षमता विकास सम्बन्धी कार्यक्रमको पाठ्यक्रम, ढाँचा (मोडेल) र विज्ञको सूची तयार गरी स्वीकृत गर्ने,

(च) प्रतिष्ठानबाट सञ्चालन गरिने अध्ययन, अनुसन्धान तथा प्रशिक्षण कार्यक्रम सम्बन्धी नीति तर्जुमा गर्ने,

(छ) प्रतिष्ठानबाट सञ्चालन गरिने अध्ययन, अनुसन्धान तथा प्रशिक्षण कार्यक्रमको मूल्याङ्कन गर्ने वा गराउने,

(ज) प्रतिष्ठानबाट सञ्चालन गरिने अध्ययन, अनुसन्धान तथा प्रशिक्षण सम्बन्धी कार्यका लागि सम्बद्ध निकायसँग आवश्यक समन्वय तथा सहकार्य गर्ने,

नेपाल कानून आयोग

(झ) अध्ययन, अनुसन्धान तथा प्रशिक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने तथा परामर्श सेवा उपलब्ध गर्ने वा गराउने,

(ञ) अध्ययन, अनुसन्धान तथा प्रशिक्षणलाई कार्यमूलक तथा व्यावहारिक बनाउन विभिन्न क्षेत्रका अनुभवी व्यक्तिहरूको सेवा आवधिक रूपमा आदान प्रदान गर्ने व्यवस्था मिलाउने,

(ट) प्रतिष्ठानले व्यावसायिक प्रयोजनमा प्रयोग हुने भौतिक संरचना तथा व्यावसायिक रूपमा सञ्चालन हुने मागमा आधारित अध्ययन अनुसन्धान तथा प्रशिक्षण सम्बन्धी कार्यको सञ्चालन तथा व्यवस्थापन गर्ने,

(ठ) तोकिए बमोजिमको अन्य काम गर्ने, गराउने।

परिच्छेद-५

## कार्यकारी निर्देशक सम्बन्धी व्यवस्था

१३. कार्यकारी निर्देशकः (१) प्रतिष्ठानको प्रशासकीय प्रमुखको रूपमा काम गर्नको लागि एक कार्यकारी निर्देशक रहनेछ।

(२) कार्यकारी निर्देशकको नियुक्ति देहायको समितिको सिफारिसमा नेपाल सरकारबाट हुनेछ :-

(क) सचिव, मन्त्रालय - संयोजक

(ख) अध्यक्षले तोकेको समितिको सदस्य एक जना - सदस्य

(ग) प्रतिनिधि, सहसचिव, लोक सेवा आयोग - सदस्य

(३) उपदफा (२) बमोजिमको समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

(४) उपदफा (२) बमोजिमको समितिले कम्तिमा पन्ध्र दिनको सार्वजनिक सूचना मार्फत कार्यकारी निर्देशकको पदपूर्तिको लागि दरखास्त आह्वान गर्नु पर्नेछ।

(५) दफा १४ बमोजिमको योग्यता र दफा १५ बमोजिमको छनोटका आधारमा उपदफा (२) बमोजिमको समितिले निर्धारण गरेको छनोट विधि र मापदण्ड बमोजिम सबैभन्दा बढी अङ्क प्राप्त गर्ने तीन जना उम्मेदवारको नाम कार्यकारी निर्देशकको पदमा नियुक्तिका लागि मन्त्रालयमा सिफारिस गर्नेछ।

(६) उपदफा (५) बमोजिम सिफारिस भएका उम्मेदवारहरू मध्येबाट नेपाल सरकारले एक जनालाई कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्नेछ।

(७) कार्यकारी निर्देशकको पद रिक्त भएको अवस्थामा निजले गर्नुपर्ने कार्य सम्पन्न गर्नका लागि नेपाल परराष्ट्र सेवाको राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको कर्मचारीलाई

नेपाल कानून आयोग

नेपाल सरकार

नेपाल सरकारले कार्यकारी निर्देशकको रूपमा बढीमा छ महिनासम्मको लागि कामकाज गर्न खटाउन सक्नेछ।

(८) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ।

(९) उपदफा (८) मा जुनसुकै कुरा लेखिएको भए तपनि कार्यकारी निर्देशकले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा, प्रतिष्ठानको हित विपरीत कुनै काम गरेमा वा निजको काम सन्तोषजनक नभएमा नेपाल सरकारले परिषद्को सिफारिसमा निजलाई जुनसुकै बखत कार्यकारी निर्देशकको पदबाट हटाउन सक्नेछ।

(१०) उपदफा (९) बमोजिम कार्यकारी निर्देशकलाई पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्न मनासिब मौका दिनु पर्नेछ।

(११) कार्यकारी निर्देशकको पदावधि समाप्त भएमा वा पदावधि समाप्त हुनु अगावै पैसट्ठी वर्ष उमेर पुगेमा निज सो पदमा बहाल रहन सक्ने छैन।

(१२) कार्यकारी निर्देशक प्रतिष्ठानमा पूरा समय काम गर्ने प्रशासकीय प्रमुख हुनेछ र निजको पारिश्रमिक तथा सेवा सुविधा नेपाल सरकारको सचिवले पाए सरह हुनेछ।

१४. <u>कार्यकारी निर्देशकको योग्यता</u> : कार्यकारी निर्देशकको पदमा नियुक्त हुन देहाय बमोजिमको योग्यता हुनु पर्नेछ :-

(क) साठी वर्ष उमेर ननाघेको,

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको,

(ग) अन्तर्राष्ट्रिय कानून, कूटनीति वा आर्थिक कूटनीतिक क्षेत्रमा कम्तीमा दश वर्ष काम गरेको,

(घ) नेपालको परराष्ट्र नीति तथा मामिलामा विशेष योगदान दिएको,

(ङ) नेपाल सरकार राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको पदमा कम्तीमा पाँच वर्षको अनुभव भएको,

(च) सार्वजनिक पदमा बहाल रहँदा महालेखापरीक्षकको कार्यालयबाट औंल्याइएको कुनै बेरूजु बक्यौता बाँकी नभएको,

(छ) नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय नपाएको,

(ज) प्रचलित कानून बमोजिम दामासाही नपरेको।

१५. <u>कार्यकारी निर्देशक छनोट गर्ने आधार</u> : दफा १३ को उपदफा (२) बमोजिमको समितिले कार्यकारी निर्देशक नियुक्तिका लागि सिफारिस गर्दा देहायका छनोटका आधारमा गर्नेछ :-

(क) शैक्षिक योग्यता र अनुभव,

(ख) व्यावसायिक कार्ययोजना,



नेपाल कानून आयोग

(ग) प्रस्तुतिकरण,

(घ) अन्तरवार्ता।

१६. <u>कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार</u> : कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) परिषद् तथा समितिबाट भएका निर्णय तथा निर्देशनको कार्यान्वयन गर्ने वा गराउने,

(ख) प्रतिष्ठानको दीर्घकालिन नीति, योजना र वार्षिक कार्यक्रम तथा बजेट समीति मार्फत स्वीकृतिको लागि परिषद् समक्ष पेस गर्ने,

(ग) परिषद्बाट स्वीकृत प्रतिष्ठानको दीर्घकालीन योजना र वार्षिक कार्यक्रमको कार्यान्वयन गर्ने वा गराउने,

(घ) प्रतिष्ठानको प्रगति विवरण तथा वार्षिक प्रतिवेदन परिषद् तथा समिति समक्ष पेस गर्ने,

(ङ) प्रतिष्ठानबाट सञ्चालित अध्ययन अनुसन्धान तथा प्रशिक्षण कार्यक्रमको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने वा गराउने,

(ङ) तोकिए बमोजिमको अन्य काम गर्ने।

१७. <u>कार्यसम्पादन सम्झौता</u> : (१) कार्यकारी निर्देशकले नियुक्ति भएपछि सूचक सहितको प्रतिष्ठानको व्यावसायिक योजना नेपाल सरकारको परराष्ट्र सचिव समक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेस गरेको व्यावसायिक योजनाको आधारमा कार्यकारी निर्देशकले मन्त्रालयको सचिव समक्ष मन्त्रालयले निर्धारण गरेको ढाँचामा मापनयोग्य कार्यसम्पादन सम्झौता गर्नु पर्नेछ।

(३) मन्त्रायलको सचिवले उपदफा (२) बमोजिमको कार्यसम्पादन सम्झौता अनुसार कार्यकारी निर्देशकबाट कार्यसम्पादन भए नभएको अर्धवार्षिक र वार्षिक रूपमा मूल्याङ्कन गर्नेछ।

(४) उपदफा (३) बमोजिमको मूल्याङ्कनबाट कार्यकारी निर्देशकको कार्य प्रगति असी प्रतिशतभन्दा कम भएमा निजको कार्यसम्पादनस्तर सन्तोषजनक नभएको मानिनेछ।

१८. <u>कार्यकारी निर्देशकको पद रिक्त हुने अवस्था</u> : (१) देहायको अवस्थामा कार्यकारी निर्देशकको पद रिक्त हुनेछ :-

(क) निजले नेपाल सरकार समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको पदावधि पूरा भएमा,

(ग) निजलाई दफा १३ को उपदफा (९) बमोजिम पदबाट हटाइएमा,



नेपाल कानून आयोग

(घ) दफा १४ बमोजिम योग्य नभएमा, वा

(ङ) निजको मृत्यु भएमा।

परिच्छेद-६

## प्रतिष्ठानको कर्मचारी सम्बन्धी व्यवस्था

१९. प्रतिष्ठानको कर्मचारी सम्बन्धी व्यवस्था : (१) प्रतिष्ठानमा तोकिए बमोजिमका कर्मचारीहरू रहनेछन्।

(२) प्रतिष्ठानका कर्मचारीको नियुक्ति, पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोकिएबमोजिम हुनेछन्।

(३) प्रतिष्ठानका कर्मचारीको पदपूर्ति नभएसम्म मन्त्रालयले आवश्यक कर्मचारी उपलब्ध गराउनेछ।

२०. करारमा नियुक्ति गर्न सकिने : (१) प्रतिष्ठानले कुनै योजना कार्यान्वयन गर्नु परेमा सोको लागि आवश्यक ज्ञान र विशेष अनुभव भएका विशेषज्ञ, अनुसन्धानकर्ता र प्रशिक्षकलाई बढीमा एक वर्षको लागि करारमा नियुक्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिक करारमा नियुक्त भएका कर्मचारीहरूको काम, कर्तव्य र अधिकार तथा पारिश्रमिक र सुविधा करारमा उल्लेख भए बमोजिम हुनेछ।

परिच्छेद-७

## कोष तथा लेखापरीक्षण सम्बन्धी व्यवस्था

२१. प्रतिष्ठानको कोष : (१) प्रतिष्ठानको आफ्नो कार्य सञ्चालनको लागि एउटा छुट्टै कोष हुनेछ।

(२) प्रतिष्ठानको कोषमा देहाय बमोजिमका रकम रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त हुने अनुदान रकम,

(ख) कुनै विदेशी सरकार, व्यक्ति र अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त हुने रकम,

(ग) परामर्श सेवा, प्रशिक्षण एवम् अनुसन्धान वा अन्य कुनै व्यावसायिक कार्य गरे बापत प्राप्त हुने रकम,

(घ) प्रतिष्ठानले गरेको प्रकाशनको विक्री वितरणबाट प्राप्त हुने रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त हुने रकम।

(३) उपदफा (२) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नुअघि प्रतिष्ठानले नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

नेपाल कानून आयोग

नेपाल सरकार

(४) प्रतिष्ठानको कोषको रकम कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गर्नु पर्नेछ।

(५) प्रतिष्ठानलाई जुन कार्यक्रम वा कामका लागि रकम प्राप्त भएको हो सो रकम सोही कार्यक्रम वा कामको लागि खर्च गर्नु पर्नेछ।

(६) प्रतिष्ठानको कोषको खाता सञ्चालन कार्यकारी निर्देशक र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(७) प्रतिष्ठानको आफ्नो उद्देश्य अनुरूपको कार्य गर्नको लागि चाहिने सबै खर्च प्रतिष्ठानको कोषबाट व्यहोरिनेछ।

(८) प्रतिष्ठानको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ।

२२. <u>लेखा र लेखापरीक्षण</u> : (१) प्रतिष्ठानको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राख्नुपर्नेछ।

(२) प्रतिष्ठानको आय-व्ययको लेखा आन्तरिक लेखापरीक्षण महालेखा नियन्त्रकको कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ।

## परिच्छेद-८

## प्रशिक्षण पद्धति, प्रशिक्षण सामग्री र पाठ्यक्रम

२३. <u>प्रशिक्षण कार्यक्रम र क्षेत्र निर्धारण गर्न सक्ने</u> : (१) प्रतिष्ठानले आवश्यकता अनुसार मन्त्रालयसँग परामर्श गरी प्रशिक्षण कार्यक्रम र तत्सम्बन्धी क्षेत्र निर्धारण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निर्धारित प्रशिक्षण कार्यक्रम र क्षेत्रको आधारमा प्रतिष्ठानले प्रशिक्षण तथा मूल्याङ्कन पद्धति, सामग्री र विषय निर्धारण गर्नेछ।

२४. <u>प्रशिक्षण कार्यक्रमको मूल्याङ्कन गराउने</u> : (१) प्रतिष्ठानले आफूले सञ्चालन गरेको कार्यक्रमलाई सम्बन्धित विशेषज्ञको सहयोग लिई समय समयमा मूल्याङ्कन गराउनेछ।

(२) उपदफा (१) बमोजिम गरिएको मूल्याङ्कनको आधारमा प्रतिष्ठानले आफ्नो प्रशिक्षण कार्यक्रममा आवश्यकता अनुसार परिमार्जन वा परिवर्तन गर्न सक्नेछ।

२५. <u>प्रशिक्षण प्रविधि प्रयोग गर्न सक्ने</u> : प्रतिष्ठानले प्रशिक्षण कार्यक्रममा प्रशिक्षार्थीको काम तथा विषयको प्रकृति हेरी उपयुक्त प्रशिक्षण सामग्री तथा आधुनिक प्रशिक्षण प्रविधि प्रयोग गर्न सक्नेछ।

२६. <u>पाठ्यक्रम</u> : प्रशिक्षण कार्यक्रमलाई बढी फलदायी एवम् प्रभावकारी बनाउन सैद्धान्तिक एवम् व्यवहारिक पक्षमा जोड दिई पाठ्यक्रम बनाउनु पर्नेछ।

२७. <u>प्रशिक्षक सूची तयार गर्नुपर्ने</u> : (१) प्रतिष्ठानले परराष्ट्र मामिला र अन्तर्राष्ट्रिय कानूनको विषयमा तालीम वा प्रशिक्षण दिन सक्ने प्रशिक्षकको सूची तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूची तयार गर्दा प्रतिष्ठानले सम्भव भएसम्म विषयगत र क्षेत्रगत रूपमा अलग अलग सूची तयार गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम तयार गरिएको सूचीलाई प्रतिष्ठानले समय समयमा अद्यावधिक गर्नु पर्नेछ।

परिच्छेद-९

## विविध

२८. उपसमिति वा कार्यटोली गठन गर्न सक्ने : (१) प्रतिष्ठानले यस ऐन बमोजिम गर्नु पर्ने कुनै कामको लागि आवश्यकता अनुसार उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यटोलीको काम, कर्तव्य, अधिकार र कार्यविधि तथा त्यस्तो उपसमिति वा कार्यटोलीका सदस्यले पाउने सुविधा उपसमिति वा कार्यटोली गठन गर्दाका बखत प्रतिष्ठानले तोकिदिए बमोजिम हुनेछ।

२९. वार्षिक प्रतिवेदन प्रकाशन गर्नु पर्ने : (१) प्रतिष्ठानले प्रत्येक वर्ष आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराका अतिरिक्त प्रतिष्ठानले वर्षभरिमा सञ्चालन गरेको कार्यक्रम, प्राप्त गरेको रकम, कार्यक्रम सञ्चालन गर्दा हुन गएको लागत, कार्यक्रमबाट भएको उपलब्धि तथा भविष्यमा गर्नु पर्ने सुधार समेतका कुराहरू समावेश गर्नु पर्नेछ।

(२) प्रतिष्ठानले प्रत्येक वर्ष आफूले गरेको काम कारबाही सम्बन्धी प्रतिवेदन तयार गरी सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्नेछ।

३०. अधिकार प्रत्यायोजन : (१) परिषद्ले यस ऐनबमोजिम आफूलाई प्राप्त भएको अधिकारमध्ये आवश्यकता अनुसार कुनै अधिकार परिषद्को अध्यक्ष, सदस्य वा कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) समितिले यस ऐन बमोजिम आफूलाई प्राप्त भएको अधिकारमध्ये आवश्यकता अनुसार कुनै अधिकार कार्यकारी निर्देशक वा प्रतिष्ठानको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(३) कार्यकारी निर्देशकले यस ऐन बमोजिम आफूलाई प्राप्त भएको अधिकारमध्ये आवश्यकता अनुसार कुनै अधिकार आफू मातहतका अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

३१. नेपाल सरकारसँग सम्पर्क : प्रतिष्ठानले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

नेपाल सरकार
नेपाल कानून आयोग

३२. <u>नियम बनाउने अधिकार</u> : (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि प्रतिष्ठानले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामन्यतामा प्रतिकूल असर नपर्ने गरी प्रतिष्ठानले देहायका विषयमा नियम बनाउन सक्नेछः-

(क) कर्मचारीको नियुक्ती र सेवाका शर्त

(ख) आर्थिक प्रशासन

(३) उपदफा (२) बमोजिम नियम बनाउँदा नेपाल सरकारलाई आर्थिक व्ययभार पर्ने भएमा नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।

३३. <u>खारेजी र बचाउ</u> : (१) परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०६८ खारेज गरिएको छ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत बहाल रहेको कार्यकारी निर्देशक वा पदेन बाहेक अन्य सदस्यको पदावधि निज नियुक्त भएको मितिदेखि गणना गरिनेछ।

तर दफा १४ बमोजिमको योग्यता र दफा १५ मा व्यवस्था भएको आधार भन्दा अन्य आधारमा नियुक्त भएको सदस्य स्वतः पदमा नरहेको मानिनेछ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत बहाल रहेका कर्मचारीहरू करार अवधि बहाल रहेसम्म कायम रहनेछन्।

(४) उपदफा (१) बमोजिमको गठन आदेशबमोजिम भए गरेका काम कारबाही यसै ऐनबमोजिम भए गरेको मानिनेछ।

नेपाल सरकार
नेपाल कानून आयोग
२०६३

नेपाल कानून आयोग